का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ असोज २०८१,
शुक्रबार
20 September, 2024
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



### प्रधानमन्त्री ओलीको युवा जोश

## राजनीतिमा नयाँ पुस्तालाई जोड्ने प्रयास

**नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र लगायत दलले युवालाई राजनीतिमा तान्न केन्द्रीय कमिटीमा युवा कोटा छुट्याउने अभ्यास गरिरहेका छन् । रास्वपामा युवाकै बाहुल्यता छ भने राप्रपाको नेतृत्व तहमै युवा छन् ।**

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ३ असोज ।

संविधान दिवसको अवसरमा बिहीबार सरकारले संघीय राजधानी काठमाडौंको दरबारमार्गमा नेशनल डे कन्सर्ट आयोजना गऱ्यो । युवाहरूको बाक्लो उपस्थितिमा भएको उक्त कन्सर्टमा प्रधानमन्त्री केपी शर्मा ओली पनि सहभागी भए । उनी जिन्सको पाइन्ट, ज्याकेट र क्याप टोपीमा देखिन्थे । प्रायजसो दौरा सुरुवाल र कोटमा देखिने ओली युवाहरूको जमातमा पुग्दा जिन्स पाइन्ट, ज्याकेट र क्याप टोपीमा उपस्थित भएका हुन् । यसकारण पनि नेशनल डे कन्सर्ट आर्कषणको केन्द्रमा परे प्रधानमन्त्री ओली । उसो त प्रधानमन्त्री ओली युवाहरूमाझ उपस्थित भइरहेका हुन्छन् । विद्यार्थीका कार्यक्रममा पुग्नेदेखि एलओडी क्लबमा समेत पुग्छन् ।

यसअघि २०७९ साल कात्तिक २६ गते ओली मध्यरातमा ठमेलको एलओडी क्लबमा पुगेका थिए । र्‍याप गीत सार्वजनिक गर्न मध्यरातमा ठमेलको एलओडी क्लब पुग्नुको कारण युवाको मन जित्ने प्रयास थियो ।

राजनीतिक दलहरूमा युवाले अवसर नपाएको र निराशा छाएको भनेर बहस हुने गरेको छ । यस्तो निराशा कम गर्न र युवालाई राजनीतिमा तान्न नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी लगायतमा दलले केन्द्रिय कमिटीमा युवा कोटा छुट्याउने अभ्यास गरिरहेका छन् । कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा नयाँ पुस्ताबाट उक्त तहमा पुगेका नेता हुन् । एमालेमा पनि युवाले विभिन्न फाँटमा अवसर पाइराखेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा युवाकै बाहुल्यता छ भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को नेतृत्व तहमै युवा छन् । युवाले अवसर नपाए नयाँ राजनीतिक दल खोल्न सक्ने वा नयाँ राजनीतिक दलमा आकर्षित हुन सक्ने त्रासले समेत पुराना दलहरू युवालाई अगाडि बढाउन र उनीहरूको मन जित्न अग्रसर भएको देखिन्छ । यस्तोमा नेकपा एमालेका अध्यक्ष समेत >>> पृष्ठ २ मा






**संबिधानको रक्षार्थ सबै जुटौं**

- संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संबिधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तब्य हो।
- संबिधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संबिधानसँग बाझिने कानून, नीति तथा विधिहरु अमान्य हुन्छन् ।

*त्यसैले संबिधानको पालना गर्नु सबैको कर्तव्य हो*

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रस्तावित राजदूतकै भेटिएन शैक्षिक प्रमाणपत्र !

**शिव विक/मध्यान्ह**
काठमाडौं, ३ असोज ।



शैक्षिक प्रमाणपत्र नै नभेटिएपछि श्रीलंकाका लागि प्रस्तावित राजदूत रामकृष्ण भट्टराईको संसदीय सुनुवाइ लम्बिएको छ ।

संसदीय सुनुवाइ समितिकी सभापति ईश्वरी न्यौपानेका अनुसार प्रस्तावित राजदूत भट्टराईसँगै सिफारिस भएका प्रस्तावित अन्य १६ जना राजदूतको भने अनुमोदन भएको छ ।

उनका अनुसार कागजात नपुगेका भनेर भट्टराईको अनुमोदन हुन नसकेको हो ।

'कागजात मगाउन निर्देशन दिएका छौं, आएपछि अनुमोदन हुन्छ' बिहीबार निर्णय सुनाउँदै सभापति न्यौपानेले भनिन् ।

नेताहरूका अनुसार स्नातक तह पास गरेको प्रमाणपत्र नभएकाले भट्टराईको नाम अनुमोदन नगरिएको हो ।

सिंहदरबारमा बसेको बैठकले स्नातक तहको सर्टिफिकेट नभएका कारण उनको बारेमा भने फेरि छलफल गर्ने निर्णय भएको हो ।

प्रस्तावित राजदूतलाई अनुमोदन गर्ने बारेमा छलफल हुँदा प्रस्तावित राजदूत भट्टराईको सर्टिफिकेट नभेटिएपछि निर्णय गर्नका लागि समितिमा अन्योलता सिर्जना भएको थियो । तर उनले बायोडाटामा भने स्नातक तह उत्तीर्ण गरेको उल्लेख गरेका छन् ।

नेपाली कांग्रेसको कोटाबाट राजदूतमा सिफारिस भएका भट्टराईको सर्टिफिकेट नभेटिएपछि बैठकबाट बाहिर निस्केर नेपाली कांग्रेसका सांसद ज्ञानेन्द्रबहादुर कार्की र नेपाली कांग्रेसका सचेतक समेत रहेका घिमिरेले भट्टराईलाई फोन गरी सर्टिफिकेट बुझाउन आग्रह गरेका थिए ।

भट्टराईको विषयमा सर्टिफिकेट पूरा बुझाएपछि मात्रै अर्को बैठकमा निर्णय हुने भएको छ । उनको शैक्षिक प्रमाणपत्र नै फर्जी भएको आशंका गरिएको राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्यालले बताए । समितिमा उनको सर्टिफिकेट फर्जी रहेको सूचना आएको उनले जानकारी >>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## साउदी अरबमा ७ हजार इटालियन कम्पनीले लगानी गर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज

साउदी अरेबियामा ७ हजार इटालियन कम्पनीले लगानी गर्ने भएका छन् । साउदी भिजन २०३० अन्तर्गत उक्त लगानी आउन लागेको हो । ७ हजार कम्पनीहरूको प्रतिनिधित्व गर्ने एक इटालियन व्यापार संघले साउदी अरबमा इटालियन लगानी विस्तार गर्ने र साउदी भिजन २०३० को रूपरेखा अन्तर्गत अवसरहरू खोज्न साउदी लगानीकर्ताहरूसँग सहकार्य गर्ने योजना घोषणा गरेको छ । त्यसमा साउदी अरेबियाका प्रमुख आर्थिक क्षेत्रहरूमा काम गर्ने प्रमुख इटालियन फर्महरू समावेश छन् ।

फेडेरेसन अफ साउदी चेम्बर्सको मुख्यालयमा बुधबार आयोजित साउदी-इटालियन बिजनेस फोरममा उक्त घोषणा गरिएको हो । मेसिनरी, रसायन र अटोमोटिभ उत्पादनहरू, पूर्वाधार विकास र डिजिटल प्रविधिहरूमा लगानी हुने र त्यसबाट ठूलो आकारमा रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ ।साउदी अरेबियाको निर्माण क्षेत्रमा इटालियन विशेषज्ञहरूले धेरै अगाडिदेखि काम गरिरहेका छन् । साउदीमा लगानीका लागि आएको इटालीको लोम्बार्डी समूह ठूलो व्यापारिक घरना मानिन्छ । उसले औद्योगिक क्षेत्र, इटालियन स्टक एक्सचेन्ज, अटोमोबाइल, अन्तरिक्ष, जीवन विज्ञान, बायोटेक्नोलोजी, कृत्रिम बुद्धिमत्ता र उन्नत प्रविधिसहित विभिन्न क्षेत्रहरूमा विश्वव्यापी लगानी गरिरहेको छ ।

## रेशनलले अलपत्र पारेका पीडितहरुलाई खाद्यान्न सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३ असोज



काठमाडौंको कोटेश्वरमा कार्यालय रहेको रेशनल ओभरसिज प्रा.लि.ले पैसा आफूले बुझेर जलजला रिक्रुटमेन्ट प्रा.लि.मार्फत श्रम सम्झौता गराइ कतार पठाएर अलपत्र परेका पीडितहरूलाई एनआरएनए एनसीसी कतारले खाद्यान्न उपलब्ध गराएको छ । कतारको मन्सुराको एक बिल्डिङमा बसिरहेका पाँच जना पीडित श्रमिकका लागि एनसीसी कतारका प्रथम उपाध्यक्ष तथा श्रमिक विभागका संयोजक कृष्ण पन्थीले केही दिनका लागि पुग्ने खाद्यान्न उपलब्ध गराएका हुन् ।

पन्थीले बुधबार साँझ पीडितहरूलाई नै पसल लगेर आवश्यक सामग्री किन्न लगाएपछि पीडितहरूले खाद्यान्न पाएका हुन् । मध्यान्हकर्मी पीडितहरू भेट्न पुग्दा पन्थीसँगै पीडितहरू हर्षित मुद्रामा देखिए। पीडितमध्येका सिरहा बन्दीपुरका नीरज बस्नेत र झापाका विशाल कार्कीले 'हाम्रो रुममा पत्रकार आइसकेपछि >>> पृष्ठ २ मा

### यौन हिंसाका उजुरीको बढ्दो ग्राफ

## ११ देखि १६ वर्षका पीडित अधिक

यौन हिंसा हुन नदिन नेपाल प्रहरीले मात्रै एक वर्षमा एक लाखभन्दा बढी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गर्दछ । राज्यका अन्य निकाय पनि उत्तिकै लागेका छन् । तर यौन हिंसाका उजुरीको ग्राफ भने बढ्दो छ ।



११ वर्षदेखि १६ वर्षसम्मका उमेर समूह यौनिक हिसावले सक्रिय रहेको र सामाजिक सञ्जालको नकारात्मक प्रभाव पनि छिटो पर्ने हुँदा यो समूह यौन हिंसामा बढी परेको हो ।

**दानबहादुर कार्की**
**प्रहरी नायब महानिरीक्षक**
**प्रहरी प्रधान कार्यालय**



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २ असोज ।

प्रहरी प्रधान कार्यालयका अनुसार यौन हिंसाका उजुरी वार्षिक रुपमा बढ्दो छ ।

आर्थिक वर्ष २०८०/८१ को हालसम्ममा यौन हिंसाका उजुरी दुई हजार पाँच सयभन्दा माथि देखिएका छन् । आव ०७९/८० मा यस्ता उजुरीको संख्या दुई हजार तीन सय ८० रहेको थियो । २०८०/८१ मा बढेर दुई हजार पाँच सय सातमा पुगेको हो ।

यौन हिंसामा परेका पीडितको संख्या आर्थिक वर्ष २०७९/८० को भन्दा ०८०/८१ मा बढेको तथ्याङ्कले देखाउँछ । २०७९/८० मा पीडितको संख्या >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
४ असोज २०८१, शुक्रबार
20 September 2024, Friday

# घटस्थापना अघि नै मेलम्चीको पानी आउने

**काठमाडौं/मस**–काठमाडौंवासीले दशैंको घटस्थापना अघि नै मेलम्चीको पानी पाउने भएका छन् । काठमाडौंमा मेलम्चीको पानी पथान्तरणका लागि अहिले सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ ।

दशैं अगाडि नै मेलम्चीको पानी उपलब्ध गराउन खानेपानीमन्त्री प्रदीप यादवले निर्देशन दिएका छन् ।

सोही अनुसार अहिले मेलम्ची खानेपानी विकास समितिले काम गरिरहेको छ । मेलम्ची खानेपानी विकास समितिका कर्मचारीको टोली काठमाडौंमा जतिसक्दो चाँडो मेलम्चीको पानी पथान्तरणका लागि खटिएका मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक रत्न लामिछानेले जानकारी दिए ।

उनले भने, 'मेलम्चीको पानी असोज दोस्रो साता भित्रै काठमाडौंमा ल्याउने तयारीमा छौं ।'सोही योजनाअनुसार अहिले



काठमाडौंमा बिग्रीएका तथा भत्किएका खानेपानीका पाइप मर्मत सम्हार गर्ने काम भइरहेको छ । वर्खा याम शुरु भएसँगै धमिलो आउन थालेपछि र बाढीले क्षती गर्ने भएका कारण काठमाडौं उपत्यकामा गत असार १० गतेदेखि पानी ल्याउन बन्द गरिएको थियो । बाढीको सम्भावना कम भएसँगै काठमाडौंमा पानी बितरण गर्ने योजना अनुसार तयारी भइरहेको छ ।

काठमाडौं उपत्यकामा पानीको माग दैनिक ४३ करोड लिटर रहेको र मेलम्चीबाट गत असार १० गते अघिसम्म १७ करोड लिटर पानी ल्याइएको मेलम्ची खानेपानी विकास समितिले जनाएको छ ।

सिन्धुपाल्चोकको मेलम्ची खोलाबाट दैनिक करिब २० करोड लिटर पानी ल्याउन लागिएको छ । काठमाडौंमा बाह्रै महिना पानी ल्याउन मिल्ने गरी अहिले भएको स्थानबाट माथितर्फ सर्कथली क्षेत्रमा आठ सय मिटर दूरीमा इन्टेक सार्ने तयारी छ । मेलम्ची खानेपानीका लागि काठमाडौं उपत्यकामा एक हजार ७ सय किमि नयाँ पाइपलाइन विस्तार गरिएको छ ।

# सर्वसाधारणका लागि धरहरा खुला

**काठमाडौं/मस**– सर्वसाधारणका लागि धरहरा खुला गरिएको छ । खुला गरिएसँगै चढ्न आउनेको भिड लागेको छ ।

शुल्क निर्धारण नभएसम्मका लागि संविधान दिवसको अवसर पारेर आजदेखि निःशुल्क रुपमा खुला गरिएपछि चढ्न आउनेको भिड लागेको हो ।

वि.सं २०७२ सालको भूकम्पले भत्किएको धरहरा पुनःनिर्माण गरी नौ वर्षपछि खुला हुँदा पहिलो दिनमा सर्वसाधारणको भिड लागेको सहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ । गत साता मन्त्रिपरिषद्को बैठकले संविधान दिवसको अवसर पारेर आजदेखि धरहरा अस्थायीरूपमा सञ्चालनमा ल्याउने निर्णय गरेको थियो ।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन एकाईका प्रमुख कोषनाथ अधिकारीले प्रत्येक दिन छ सयका लागि निःशुल्क धरहरा चढ्ने व्यवस्था गरिएको बताए ।



उनले तत्कालका लागि धरहरा चढ्न निःशुल्क व्यवस्था मिलाइएको र यो अस्थायी व्यवस्था मात्रै रहेको बताए । शुल्कको विषय टुंगो लाग्न बाँकी रहेको र छिट्टै टुंगो लाग्ने उनको भनाइ छ ।

सहरी विकास मन्त्रालयले धरहरा निर्माण गर्न जिआइटिसी रमन कन्स्ट्रक्सन जोइन्ट भेन्चर कम्पनीलाई ठेक्का दिएको थियो । वि.सं २०७२ फागुन ४ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा 'मेरो धरहरा, मै बनाउँछु' भन्ने अभियान शुरु गरिएको थियो । वि.सं २०७५ असोज १४ गते राष्ट्रिय पुनःनिर्माण प्राधिकरणबाट धरहरा पुनःनिर्माण शुरु गरिएको थियो । विसं २०७८ वैशाख ११ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले धरहराको उद्घाटन गरेका थिए ।

धरहरा चढ्नका लागि बुकिङ गर्न केन्द्रीय आयोजना कार्यान्वयन एकाइले 'धरहरा डट कम डट जिओभी डट एनपी' नामक वेबसाइट सञ्चालन गरेको छ । इकाइका अनुसार वेबसाइटमार्फत पनि बुकिङ गर्न सकिनेछ ।

# लुम्बिनीमा जथाभावी सडक खन्न प्रतिबन्ध गरिँदै

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, ३ असोज

लुम्बिनी प्रदेश सरकारले सडक सञ्जाल गुरुयोजना बनाएर लुम्बिनी प्रदेशको सडक विकास कार्यक्रम अन्तर्गत गुरुयोजना निर्माणको कामलाई तीव्र गतिमा अगाडि बढाएको छ ।

सडक सुधार सञ्जाल अन्तर्गत प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय देउखुरीले प्रदेश स्तरका सडकहरुलाई व्यवस्थित गर्ने र दुर्घटना नहुने गरी सडक सञ्जाल गुरुयोजना निर्माणको काम अन्तिम चरणमा पुऱ्याएको भौतिक पूर्वाधार मन्त्री भूमिश्वर ढकालले जानकारी दिए ।

लुम्बिनी प्रदेशमा सडक गुरुयोजना नबन्दा सडक निर्माण गर्न जथाभावी पहुँचका आधारमा बजेट हाल्ने, हिउँदमा बनाएका सबै सडक बर्खामा सक्किने, त्यसको कुनै उपलब्धी हुन नसक्ने देखिएपछि प्रदेश सरकारले सडक गुरुयोजना निर्माणको कामलाई अन्तिम चरणमा पुऱ्याएको भौतिक मन्त्री ढकालले बताए ।

लुम्बिनी प्रदेशको दिगो विकासको लक्ष्य बोकेर प्रदेश सरकार अगाडि बढेकाले भावी सन्ततिलाई समेत काम लाग्ने र दिर्घकालिन



हुने गरी प्रदेश सडक गुरुयोजना निर्माण गर्न लागिएको भौतिक पूर्वाधार मन्त्रालय लुम्बिनीका सचिव माधव प्रसाद भट्टराईले बताए । 'गुरुयोजना निर्माणको काम अहिले अन्तिम चरणमा पुगेको छ,' सचिव भट्टराईले मध्यान्हसँग भने,'प्रदेशको आफ्नै लोकमार्ग र प्रदेशको आफ्नै सडकको क्षेत्र निर्धारण हुन्छ, यसले लुम्बिनी प्रदेशमा सडकको विकासले फड्को मार्छ ।'

सरकारको वार्षिक योजना अनुसार बजेट विनियोजन गर्ने र कार्यान्वयन गर्ने काम सहज रुपमा अगाडि बढाउन सरकारलाई सहज हुनेछ । लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री नेकपा एमालेका महासचिव शंकर पोखेल भएको बेला २०७७ सालमा सडक निर्माण, मर्मत सम्भार तथा विस्तार गर्न प्रदेश संसदबाट प्रदेश सडक ऐन ल्याएको थियो । यही ऐनलाई निरन्तरता दिँदै कार्यान्वयन गर्नेगरी प्रदेश सरकारले अहिले प्रदेश सडक गुरुयोजना निर्माणको काम अघि बढाएको भौतिक पूर्वाधार मन्त्रालय योजना महाशाखा प्रमुख बिनोद चौधरीले बताए । प्रस्ताव तयार भएपछि सबै जिल्लाका प्रदेश सभा सदस्यहरुलाई राखेर अन्तिम रुप दिनका लागि घनिभूत छलफल गर्ने लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको भनाइ छ ।

प्रदेशमा सडक गुरुयोजना नबन्दा लुम्बिनी प्रदेशका १२ जिल्लामा सडकको समस्या धेरै छ । अहिलेको सरकारले प्रदेश सडक गुरुयोजनालाई लागू गर्ने गरी अघि बढेकोले अब लुम्बिनी प्रदेशका सडकहरु बलिया भरपर्दा हुन्छ र सडकका नाममा पीसी बार्केनिंङ गर्ने र कम गुणस्तरीय काम गराउने मिलिजुली खाने परिपाटीको अन्त्य हुने सरकारको विश्वास छ ।

प्रदेशभर दशैंपछि गुरुयोजना लागू गरेर मात्रै सडक निर्माण हुने गरी काम अगाडि बढाइएको छ । लुम्बिनी प्रदेशभित्रका धेरै सडकहरुमा हिउँद भर काम गर्ने करोडौं रकम खर्च हुने बर्खामा आउने तीन दिनको पानीले सडकको नाम निसाना समेत मेटिने गरी बगाउने फेरि सडक पूर्वाधार कार्यालयमार्फत बजेट हाल्ने र फेरि प्राविधिक र निर्माण कम्पनीको मिलेमतोमा रकम खाने परम्परागत चलन अन्त्य गर्ने सरकारको लक्ष्य छ । लुम्बिनी प्रदेशमा सडक सुधार सञ्जाल परियोजना पनि लागू भएको छ ।

# हुम्लामा अस्पताल भर्ना भएका बिरामीहरुलाई सरसफाइ सामग्री वितरण

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ३ असोज

संविधान दिवसको अवसरमा जुम्लामा अस्पताल भर्ना भएका बिरामीहरुलाई सरसफाइ सामग्री वितरण गरिएको छ । स्वास्थ्य सेवा कार्यालय हुम्लामा भर्ना भएका ११ जना बिरामीलाई सरसफाइका सामग्री वितरण गरिएको हो ।

बिरामीलाई हातमुख पुस्ने रुमाल, नुवाउने र लुगा धुने साबुन, हर्लिक्स, ब्रुस, टुथपेस्ट र निर्लकटर वितरण गरिएको छ । जिल्लामा अनावश्यक कार्यक्रम गर्नु भन्दा अस्पतालमा भर्ना भएका बिरामीलाई सरसफाइका सामग्री वितरण गर्दा सरसफाइमा ध्यान दिने हुँदा यो कार्यक्रमको थालनी गरिएको सिमकोट गाउँपालिका अध्यक्ष बिजय भण्डारीले जानकारी दिए । जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकको निर्णय अनुसार



नै बिरामीलाई उक्त सामग्री वितरण गरिएको प्रमुख जिल्ला अधिकारी बिनोद कुमार पौखेलले बताए । सरसफाइका सामग्रीको आर्थिक सहयोग जिल्लामा रहेको सामाजिक विकास कार्यालय र सिमकोट गाउँपालिकाले गरेका छन् । सानो भएपनि बिरामीलाई राहत हुने विश्वासले सरसफाइका सामग्री वितरण गरेको सिमकोट गाउँपालिका उपाध्यक्ष सुशिला रोकायाले बताइन् । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख प्रेम बहादुर सिंहले जानकारी दिए अनुसार नै सबै बिरामीलाई सामग्री वितरण गरिएको सामाजिक विकास कार्यालयका प्रमुख हर्क बहादुर बस्नेतले बताए ।

## प्रधानमन्त्री...

रहेका प्रधानमन्त्री ओली अग्रपंक्तिमा देखिन्छन् । जो बिहीबार दरबारमार्गमा आयोजित नेशनल डे कन्सर्ट उपस्थित मात्र भएनन्, युवा देखिन जिन्सको पाइन्ट, ज्याकेट र क्याप टोपी लगाए ।

प्रधानमन्त्री ओलीले दरबारमार्ग पुगेर संविधान दिवसको शुभकामना पनि दिए । अनौपचारिक पोशाकमा पुगेका प्रधानमन्त्री ओलीले हातमा नेपालको राष्ट्रिय झण्डा समातेका थिए । उपस्थित युवा पुस्ता जस्तै देखिनेगरी प्रधानमन्त्री नेशनल डे कन्सर्टमा पुगेका हुन् । प्रधानमन्त्री ओलीसँगै पत्नी राधिका शाक्य, गृहमन्त्री रमेश लेखक, अर्थमन्त्री विष्णु पौडेललगायत उपस्थित थिए ।

नागरिक स्तरबाट कन्सर्ट सञ्चालन गर्ने भनिए पनि सरकारले यसको समन्वय गरेको हो । कन्सर्टमा युवाहरु नेपाली झन्डासहित पुगे । उक्त कन्सर्टमा प्रमोद खरेल, सुगम पोखरेल, आनन्द कार्की, कुन्ती मोक्तान, देविका बन्दना, सुगम पोखरेल, दीपक लिम्बू, सुवानी मोक्तान लगायतले प्रस्तुति दिए । अन्य कलाकार र सेलिब्रेटीहरु समेत सहभागी भएको ठाउँमा प्रधानमन्त्री ओली पनि पुगेका हुन् ।

## प्रस्तावित...

दिए । सुनुवाइ समितिले विभिन्न पदका लागि प्रस्तावित व्यक्तिको पुरै शैक्षिक योग्यताको प्रमाणपत्र जाँच गरेर मात्र संसदीय सुनुवाइका लागि बोलाउन संसद् सचिवालयलाई निर्देशन समेत दिएको छ ।

बाँकी बिभिन्न १६ देशका लागि प्रस्तावति राजदूत भने अनुमोदित भएका छन् ।

अनुमोदित भएका राजदूतहरू हुन् - भारतका लागि शंकरप्रसाद शर्मा, जर्मनीका लागि डा. शैल रूपाखेती र डेनमार्कका लागि सुम्निमा तुलाधर, इजरायलका लागि धनप्रसाद पण्डित र मलेसियाका लागि प्रस्तावित राजदूत नेत्रप्रसाद तिमिल्सिना ।

पाकिस्तानका लागि रीता धिताल, पोर्चुगलका लागि प्रकाशमणि पौडेल, कतारका लागि रमेशचन्द्र पौडेल, रुसका लागि जंगबहादुर चौहान र साउदी अरबका लागि नरेशविक्रम ढकालको नाम पनि अनुमोदिन भएको छ ।

सुनुवाइ समितिले दक्षिण कोरियाका लागि डा. शिवमाया तुम्बाहाम्फे, दक्षिण अफ्रिकाका लागि प्रा.डा. कपिलमान श्रेष्ठ, स्पेनका लागि सनिल नेपाल, बेलायतका लागि चन्द्रकुमार घिमिरे र अमेरिकाका लागि लोकदर्शन रेग्मीको नाम संसदीय सनुवाइ समितिबाट अनुमोदन भएको छ ।

संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ ।

## रेशनलले...

हामीलाई केही राम्रो हुन्छ भनेर कुरा गरेका थियौं, हामीलाई राम्रो हुँदै गयो' भन्दै खुसी साटे । 'हामीलाई दाल भात भए हुन्छ भनेका थियौं, तर पन्थी सरले चाहिने सामग्री किन्नु भनेपछि हामीले तरकारी पनि किनेका छौं' भन्दै एनसीसी कतार, पन्थी र मध्यान्हकर्मीलाई समेत पीडितहरूले धन्यवाद दिए ।

गत आइतबार दूतावास पुगेर रेशनल ओभरसिज प्रा.लि.का सञ्चालक लोकेन्द्रबहादुर कार्कीविरुद्ध बस्नेतसहित झापाका कार्की, मेलुङ गाउँपालिका दोलखाका तारा बहादुर थापा, उदयपुरका सुनिल ठाकुर र गयानन्द चौधरीले लिखित उजुरी दिएको समाचार मध्यान्हले सार्वजनिक गरिसकेको छ ।

## यौन...

दुई हजार तीन सय ९८ रहेकोमा ०८०/८१ को हालसम्म दुई हजार पाँच सय १५ पुगेको छ ।

यी दुबै आर्थिक वर्षमा सबैभन्दा धेरै पीडित ११ वर्षदेखि १६ वर्षसम्मका बालिका रहेको पाइएको छ । आर्थिक वर्ष ०८०/८१ मा यो उमेर समूहका पीडित बालिकाको संख्या पाँच सय २३ रहेको छ भने ०७९/८९ अझै बढी रहेको कार्यालयको तथ्याङ्कले देखाउँछ । जसको संख्या नौ सय ४४ रहेको छ ।

प्रहरी प्रधान कार्यालयका प्रवक्ता एवम् सूचना अधिकारी प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार यो उमेर समूह यौनिक हिसाबले सक्रिय रहेको र सामाजिक सञ्जालको नकारात्मक प्रभाव पनि छिटो पर्ने हुँदा यो समूह यौन हिंसामा बढी परेको हो ।

उनी भन्छन्, ११ वर्षदेखि १६ वर्षसम्मका उमेर समूह यौनिक हिसाबले सक्रिय रहेको र सामाजिक सञ्जालको नकारात्मक प्रभाव पनि छिटो पर्ने हुँदा यो समूह यौन हिंसामा बढी परेको हो ।'

०८०/८१ मा यौन हिंसामा पर्ने १० वर्ष मुनिका बालिका दुई सय ५२ जना रहेकोमा यस अघिको आवमा दुई सय ५९ जना रहेका छन् । साथै ०८०/८१ मा सोही उमेर समुहका एक जना बालक पनि पीडित रहेको तथ्याङ्कमा उल्लेख छ ।

यसैगरी आव ०८०/८१ मै १७ देखि १८ वर्षमा महिला पीडितको संख्या चार सय ४६ जना रहेको छ । यस अवधिमा १९ देखि २५ वर्षसम्मका महिला पीडित नदेखिए पनि ३३१ जना पुरुष भने यौन हिंसामा परेको प्रहरी प्रधान कार्यालयको तथ्याङ्कले देखाउँछ ।

करणीको विषयलाई मात्र यौन हिंसा नभनि दुर्व्यवहार पनि यौन हिंसामै पर्ने हुँदा पछिल्लो समय यस्तो हिंसामा परेका पुरुषहरुले पनि मुद्दा दर्ता गर्ने गरेको प्रवक्ता कार्कीले बताए ।

यस्तै, सोही आवमा २६ देखि ३५ वर्षसम्मको उमेरका पीडित महिला चार सय १७ जना, ३६ देखि ४५ वर्षसम्मका महिला दुई सय ९८ जना, ४६ देखि ५९ वर्षसम्मका एक सय २३ महिला र ६० देखिमाथिका ५२ जना महिला गरी जम्मा पीडित बालिका एक हजार पाँच सय ९४ जना, बालक एक जना, महिला नौ सय २० जना र अन्य एक जना पीडित यौन हिंसामा परेका छन् ।

आव ०७९/८० मा १० वर्ष मुनिका पीडित बालिकाको संख्या दुई सय ५९ जना, १७ देखि १८ वर्षका तीन सय १२ महिला, १९ देखि २५ वर्षसम्मका चार सय २४ महिला, २६ देखि ३५ वर्षसम्मका दुई सय ६० जना महिला, ३६ देखि ४५ वर्षसम्मका एक सय तीन महिला, ४६ देखि ५९ सम्मका ९८ महिला र ६० देखि माथिका ३७ जना महिला गरी यो वर्षमा पीडित हुने बालिकाको संख्या एक हजार पाँच सय १५ जना, महिला आठ सय ८२ र अन्य एक जना हिंसामा परेको तथ्याङ्कमा उल्लेख छ ।

विगतका वर्षहरुमा डर र लाजका कारण हिंसामा परेपनि मुद्दा दर्ता गर्नेको संख्या न्यून रहेको तर हाल मानिसमा अपराधलाई नसहने मानसिकता सिर्जना भएसकेकाले यौन हिंसाका उजुरी बढेको प्रवक्ता कार्कीको भनाइ छ ।

'पहिला-पहिला समाजको डरले, लाजले हामीकहाँ रिपोर्ट हुन्नथ्यो । पछिल्लो समय रिपोर्ट हुने गरेको छ । रिपोर्टिङ मेकानिजम बढ्ने कारणले पनि अपराधलाई नसहने प्रवृति छ । त्यसकारण थाहा पाउनासाथ सूचना दिने, मुद्दा दर्ता गर्नेको संख्या बढेको छ', उनले भने ।

यस्ता हिंसा न्यूनीकरणमा समाज पहिलो पात्र बन्ने उनले बताए । जसका लागि महिला र पुरुषको समानता आवश्यक पर्ने कार्कीको भनाइ छ ।

साथै प्रहरीले प्रशासनले हिंसाका उजुरीहरु सुन्ने र कानूनी उपचार तत्कालै गरे यौन हिंसा न्यूनीकरण हुने उनले औल्याए ।

यौन हिंसा हुन नदिन प्रहरीले विभिन्न किसिमका सचेतनामूलक कार्यक्रम गरिरहेको जानकारी दिए ।

उनले भने, 'यौन हिंसा हुन नदिन हामीले एक वर्षमा एक लाखभन्दा बढी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्छौं । त्यस्ता कार्यक्रमले नागरिकमा कस्ता कुरा हिंसा हुन्, उजुरी कता गर्ने, पीडितले उजुरी गर्न नसके कसले गर्नेलगायतका विषय समेटिने हुनाले हिंसा न्यूनीकरण हुनका साथै उजुरी गर्न नराउनेको संख्या बढिरहेको छ ।

# सिकाइ प्रक्रिया र मूल्यांकन पद्धतिमा सहजता ल्याउन कार्यशाला

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ३ असोज

बर्दियाको गुलरिया नगरपालिकामा सामुदायिक विद्यालयका प्राथमिक तहका शिक्षकहरूलाई लक्षित गरेर एकीकृत पाठ्यक्रम सम्बन्धी कार्यशाला सञ्चालन गरिएको छ । प्लान इन्टरनेशनल नेपालद्वारा सञ्चालित सशक्त बालिका परियोजना अन्तर्गत बाँके युनेस्को क्लब र शिक्षा, युवा तथा खेलकुद शाखा गुलरिया नगरपालिकाको समन्वयमा शिक्षकहरूलाई एकीकृत पाठ्यक्रम सम्बन्धी तीन दिने कार्यशाला सञ्चालन गरिएको हो । शिक्षकहरूलाई विद्यार्थीहरूको सिकाइ प्रकृया तथा मूल्यांकन पद्धतिमा सहजता ल्याउन तथा सकारात्मक लैंगिक अभ्यासहरूको सिकाइ, समाजमा रहेका नकारात्मक लैगिंक अवधारणा सम्बन्धी सोंचहरुमा परिवर्तन ल्याउन, विद्यार्थीहरूको व्यवहारमा परिवर्तन, नैतिक शिक्षामा जोड दिँदै विद्यार्थीहरूको सृजनशीलता सीप विकास, नव परिवर्तन तथा वैज्ञानिक र व्यवहारिक शिक्षण सिकाइ उपलब्धी प्राप्त गर्नमा सहयोग पुऱ्याउनुका साथै विद्यालयको समग्र विकास र व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यशालाको गरिएको सशक्त बालिका परियोजनाका



कार्यक्रम संयोजक गोविन्द प्रसाद लामिछानेले बताए ।

कार्यशालामा गुलरिया नगरपालिका ४६ वटा सामुदायिक विद्यालयका १ सय ४० जना प्राथमिक तहका शिक्षकहरूको सहभागिता रहेको थियो ।

कार्यशालाको सहजिकरण मधुवन नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख नारायण प्रसाद खनाल तथा ठाकुरबाबा नगरपालिका शिशु बाल मन्दिरका प्रधानाध्यापक शंकर प्रसाद आर्चायले गरेका थिए ।

कार्यशालाले एकीकृत पाठ्यक्रममा मल्यांकन पद्धति तथा व्यवहारिक शिक्षण सिकाइ तथा विद्यार्थीको सिकाइ उपलब्धी बढाउनमा सहयोग पुऱ्याउने सहभागीहरूले बताए ।

उनीहरूले नगरपालिकाले विद्यालयमा विद्यार्थीको संख्या अनुसार शिक्षकहरूको व्यवस्थापन नगर्दा मल्यांकन पद्धतिलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नसकिइरहेको वर्तमान अवस्थामा कार्यशालाले मूल्यांकन पद्धतीलाई सहज बनाउन सहयोग गर्ने बताए ।


**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **स्यारोन मेनपावर सर्भिसेस प्रा.लि. (इजाजत पत्र नं. ६४७/०६३/०६४)** मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| क्र.स. | नाम | पद | नागरिकता नम्बर |
|---|---|---|---|
| 1 | Ghanshyam Gautam | Public Relation Officer | 48266 |
| 2 | Kedar Dhakal | Documentation | 34962 |

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg

# राजनीतिमा नागरिक पहिलो स्थानमा हुनेछन् भन्ने संकल्प गरौं : राष्ट्रपति



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले हाम्रो राज्य, राजकाज र राजनीतिमा नागरिक पहिलो स्थानमा हुनेछन् भन्ने संकल्प गर्न अपिल गरेका छन् ।

संविधान दिवस, २०८१ को अवसरमा राष्ट्रपति भवन शीतल निवासमा बिहीबार आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले उक्त अपिल गरेका हुन् । उनले भने,'हामी संकल्प गरौं की हाम्रो राज्य, राजकाज र राजनीतिमा नागरिक पहिलो स्थानमा हुनेछन् । नागरिकको हितबाहेक हाम्रो राज्यको अरु कुनै स्वार्थ हुनेछैन ।' राष्ट्रपति पौडेलले लक्ष्य त्यसै प्राप्त नहुने र लक्ष्य प्राप्त गर्न संकल्प चाहिने उल्लेख गर्दै भने,'लक्ष्य प्राप्त गर्न साधना चाहिन्छ, लक्ष्य प्राप्त गर्न अविचलित भइ अगाडि बढ्ने अटल आस्था र उच्च नैतिक शक्ति चाहिन्छ । हामीले प्राप्त गर्न चाहेको राष्ट्रिय लक्ष्य हासिल गर्न आज महत्वपूर्ण सङ्कल्प गरौं, पहिलो सङ्कल्प गरौं, हामी लोकतन्त्रप्रति प्रतिबद्ध रहने छौं । जस्तोसुकै अप्ठ्यारोमा पनि हामी लोकतन्त्रको गरिमालाई बचाउनेछौं र नागरिकलाई केन्द्रमा राखेर अगाडि बढ्नेछौं । अर्को सङ्कल्प गरौं कि हामी सुशासन प्रति प्रतिबद्ध रहने छौं तथा राजनीति, राज्य र राजकाजलाई नैतिकता, निष्ठा र मूल्यमान्यताको सीमाभित्र आबद्ध गर्नेछौं ।'

राष्ट्रपति पौडेलले समावेशीकरण र सामाजिक न्यायप्रति प्रतिबद्ध रहने तथा हाम्रा विभिन्न जाति, भाषा, धर्म, संस्कृति र सभ्यतालाई साझा बनाउने तेस्रो संकल्प गर्न आग्रह गरे । उनले भने,'भ्रातृत्व, एकता र समभाव हाम्रो जीवन पद्धति हुनेछ, सामाजिक एकता र आपसी सम्मान हाम्रो सांस्कृतिक चरित्र हुनेछ ।' जस्तोसुकै परिस्थितिमा पनि देश, यसको स्वाधिनता र सार्वभौमिकतालाई झुक्न दिनेछैनौं भन्ने अर्को संकल्प गर्न उनले आग्रह गरे । 'पाँचौ, संकल्प गरौं कि हामी नागरिकको हितका लागि समर्पित हुनेछौं', राष्ट्रपति पौडेलले भने ।

यी संकल्प गर्दै मुलुकको समृद्धिको यात्रामा अघि बढिरहँदा हामीले ध्यान दिनपर्ने केही महत्वपूर्ण विषय भएको उल्लेख गर्दै उनले राज्यलाई अझ लोकतान्त्रिक, न्यायपूर्ण, जनमुखी र सुशासित बनाउन आवश्यक रहेको बताए ।

'राजनीतिक परिवर्तनलाई नागरिकको जीवनसँग जोड्न हामीलाई प्रभावकारी सुशासन र उत्कृष्ट सेवा प्रवाह आवश्यक हुन्छ, जसले नागरिकमा आशा जगाउन सकोस्, जसले नागरिकलाई यही व्यवस्थामा मात्र मेरो भविष्य सुरक्षित छ भनेर लोकतन्त्रप्रति भरोसा जगाउन सकोस्', राष्ट्रपति पौडेलले भने । उनले संविधानको वास्तविक कार्यान्वयन गर्दै सुशासन कायम गर्ने, विकास निर्माणलाई तिव्रता दिने र सेवा प्रवाहमा चुस्तता ल्याउनुपर्ने अहिलेको महत्वपूर्ण समयमा यसको पूर्ण कार्यान्वयनमा सबैले ध्यान दिनु अहिलेको आवश्यकता हो भने । राष्ट्रपति पौडेलले वेथिति र अनियमितताको अन्त्यमा जोड दिए ।

उत्साह र उमङ्गका साथ आज संविधान दिवस मनाइरहँदा आफैंभित्र आशाको नयाँ दियो बाल्न राष्ट्रपति पौडेलले आग्रह गरे । 'यो निरास बस्ने समय होइन, यो हामीबीच आरोप प्रत्यारोप गर्ने समय होइन, यो देशप्रति नकारात्मक टिप्पणी गर्ने समय होइन, यो एकताबद्ध हुने समय हो, यो आफैंप्रति विश्वस्त हुने समय हो, यो भविष्य उन्मुख हुने समय हो, आजको दिनले हामी सबैलाई निरासाबाट आशा र समृद्ध नेपाल निर्माणको बाटोतिर जान प्रेरणा दिन सकोस्', राष्ट्रपति पौडेलले भने ।

आफ्नो संविधान आफैं लेख्न पाउने हामीले पाएको यो सौभाग्य र अवसर कमैमात्र मुलुकका नागरिकले प्राप्त गरेको सन्दर्भ उल्लेख गर्दै राष्ट्रपति पौडेलले यो गौरवशाली विश्व इतिहास कायम गर्न सफल भएकामा आजको विशेष दिनमा देशभित्र र बाहिर रहनु हुने सम्पूर्ण नेपालीमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गरे ।

वर्तमान संविधानले बहुलवादमा आधारित एक समावेशी नेपाल बनाउने अवसर दिएको र यसले निरंकुश तथा केन्द्रिकृत राज्य व्यवस्थाका सबै प्रकारका विभेद र असमानतालाई अन्त्य गरेको मात्र होइन वास्तविक अर्थमा नेपाली जनतालाई मालिक बनाएको उनको भनाइ थियो ।

लोकतान्त्रिक निर्वाचनका माध्यमबाट जनप्रतिनिधि छनौट भइ अहिले संविधानतः तीनै तहका सरकार क्रियाशील रहेको र सरकारमार्फत एक नयाँ भविष्यको यात्रामा आबद्ध भएका छौं भन्दै उहाँले संविधानले प्रदान गरेका यी महत्वपूर्ण उपलब्धिहरू भएको उल्लेख गरे । संविधानमार्फत यो राष्ट्र निर्माणको समय हो र यसका लागि हामीले राज्यको आवधिक र दीर्घकालीन लक्ष्य निर्धारण गर्न आवश्यक छ भन्नेमा राष्ट्रपति पौडेलले जोड दिए । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल, उपप्रधानमन्त्री, मन्त्री, सांसद, संवैधानिक निकायका प्रमुख, कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि, उच्च पदस्थ सरकारी अधिकारी तथा समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित महानुभाव तथा सर्वसाधारणको उपस्थिति थियो । सो अवसरमा नेपाली सेनाले विभिन्न सांस्कृतिक प्रस्तुति प्रदर्शन गरेको थियो ।

# 'समयसापेक्ष संशोधनले नै संविधानले दीर्घ जीवन प्राप्त गर्छ'



**ललितपुर/मस–** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले समयसापेक्ष संशोधनले नै संविधानले दीर्घजीवन प्राप्त गर्ने बताएका छन् ।

नेपाली कांग्रेसको पेसागत तथा वुद्धिजीवी विभाग र नेपाल डेमोक्रेटिक लयर्स एशोशिएसनद्वारा आज कांग्रेस केन्द्रीय कार्यालय सानेपामा आयोजित 'संविधान संशोधन : आवश्यकता र चुनौती' विषयक छलफल कार्यक्रममा महामन्त्री शर्माले संविधानको सफलताका लागि सफल कार्यान्वयन, समयानुकूल परिमार्जन, संविधान अनुकूलको रुप प्रवृत्तिको विकास र व्यवस्था परिवर्तनमार्फत अवस्था रुपान्तरणको विषय महत्वपूर्ण भएको बताए ।

'आवश्यकताअनुसार संविधान संशोधनको विषय दशकौंसम्म चलिरहन्छ, बदलिएको नागरिकको आवश्यकताअनुसार त्यस बेला रुपान्तरण गर्दै लैजानुपर्छ, संघीयता, समानुपातिक समावेशीको जगमा अडिएर संविधान संशोधन गर्दै गर्दा यसलाई अझ बलियो बनाउने काम हुन्छ, कांग्रेस जिम्मेवार दलका रुपमा प्रतिबद्ध छ', महामन्त्री शर्माले भने ।

हरेक दलका विमतीबीच संविधान संशोधन गर्नु चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उनले संशोधनका विषयमा सबै दलबीच भएको सहमतिका बुँदा पहिचान गर्न सक्नुपर्ने बताए । संशोधनले दीर्घजीवन प्राप्त गर्ने भन्दै महामन्त्री शर्माले कांग्रेस बदलिँदो परिस्थितिअनुसार संविधान संशोधन गर्न संयम भएर लाग्ने बताए ।

'संविधान संशोधनमा एमाले र माओवादी केन्द्रलाई सँगसँगै लिएर जानुपर्छ, माओवादी केन्द्रसहितको सहकार्य जरुरी छ, उसले उठाएका मुद्दालाई सम्बोधन गर्नुपर्छ, माओवादी केन्द्रले आवेगमुक्त भएर संशोधनमा सहयोग गर्नुपर्छ', उनले भने ।

महामन्त्री शर्माले अहिले प्रदेशका मुख्यमन्त्रीहरुले आसन पायौं, शासन पाएनौं भन्ने गरेका उल्लेख गर्दै त्यसलाई सम्बोधन गर्दै संविधान कार्यान्वयन गर्न झण्डै तीन दर्जन कानुन बनाउन बाँकी रहेको अवस्थामा संविधान संशोधनको मुद्दा अगाडि बढिरहेको बताए । संविधानका कमजोरीलाई केलाएर सुधार नगर्ने हो भने संशोधनको कुनै औचित्य नहुने उनको भनाइ थियो । कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य डा.डिला संग्रौला, संविधानविद्द्वय राधेश्याम अधिकारी र विपिन अधिकारीलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

# सुनवल नगरपालिकाद्वारा वृद्धवृद्धा तथा विद्यार्थीलाई पोसाक वितरण

**युवराज पुन/मध्यान्ह**
सुनवल, ३ असोज



नवलपरासीको सुनवल नगरपालिकाले वृद्धवृद्धा तथा विद्यार्थीहरुलाई पोसाक वितरण गरेको छ । नगरपालिकाले संविधान दिवसको अवसरमा बिहीबार भुमही वृद्धाश्रममा रहेका ५ जना वृद्धवृद्धा तथा लुम्बिनी माध्यमिक विद्यालयमा अध्ययनरत विशेष क्षमता भएका १२ जना विद्यार्थीलाई पोसाक वितरण गरेको हो ।

सुनवल नगरपालिकाकी प्रमुख विमला अर्यालको अध्यक्षतामा भएको उक्त पोसाक वितरण कार्यक्रममा जिल्ला समन्वय समिति नवलपरासीका अध्यक्ष भगौती यादवको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्याक्रममा डोलराज भण्डारी, थानप्रसाद गैरे, कर्ण बहादुर सेनलगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुले शुभकामना मन्तव्य राखेका थिए ।

# जुम्लाका तीन स्थानीय तह साक्षर पालिका घोषणा



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ३ असोज

जुम्लाका तीन पालिकालाई साक्षर घोषणा गरिएको छ । चन्दननाथ नगरपालिका, सिजा गाउँपालिका र हिमा गाउँपालिका गरी ३ वटा पालिकालाई साक्षर घोषणा गरिएको हो ।

त्यस्तै ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकतामा साझेदारी र प्रणाली गत सक्षमता' भन्ने मूल नाराका साथ राष्ट्रिय शिक्षा दिवसको अवसरमा एक कार्यक्रमकाबीच सिजा र चन्दननाथ नगरपालिकालाई साक्षर पालिका घोषणा गरिएको छ ।

यसअघि नै हिमा गाउँपालिकाले पहिलो साक्षर पालिका घोषणा गरेको थियो । गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर शाहीले हिमाको कुल जनसंख्या १२ हजार ८ सय ४ रहेकोमा तीमध्ये १२ हजार २ सय २५ जनालाई साक्षर बनाउन सफल भएको जानकारी दिए ।

उनका अनुसार हिमामा अब अक्षर चिन्न नसक्ने, नाम लेख्न नजान्नेहरूको संख्या न्यून छ । हिमाका १ देखि ७ वडासम्म ९५.७२ प्रतिशत जनसंख्या साक्षर रहेको र मात्र ४.२८ प्रतिशत निरक्षर रहेको गाउँपालिकाको तथ्यांकमा उल्लेख छ । हिमा गाउँपालिकामा भने ५ हजार ३ सय जना विद्यालय उमेरका बालबालिका साक्षर छन् । त्यस्तै आधारभूत विद्यालय १२ वटा माध्यामिक ६ वटा र एक क्याम्पस गरी झण्डै ४ हजार विद्यार्थी संख्या रहेको शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख शकर धितालले जानकारी दिए । उनका अनुसार यसअघि वडाबाटै साक्षर घोषण गर्दै पालिका गरिएको हो । उनका अनुसार सिंजा गाउँपालिकाको कुल जनसंख्यामध्ये ९५ दशमलव ५ प्रतिशत अक्षर लेख्न र चिन्न सक्ने भएपछि साक्षर घोषणाका लागि सूचक पूरा भएको छ । त्यस्तै साक्षरताका १२ वटा सूचकमध्ये हस्ताक्षर गर्न सक्ने, मोबाइल चलाउन सक्ने, समय हेर्न र भन्न सक्ने, सामान्य लेखपढ गर्न सक्ने १ देखि १० सम्म अंक भन्न र सामाजिक भावनाहरु व्यक्त गर्न सक्ने भएकाले साक्षर गाउँपालिका घोषणा सिंजा गाउँपालिकाका अध्यक्ष पूर्ण प्रसाद धितालले बताए । उनका अनुसार १२ वटा सूचक ६ वटा सूचकहरु पूरा गर्न विद्यार्थी र विद्यालय परिचालन गरिएको छ । उनका अनुसार २५ प्रतिशत परियोजना कार्य मध्येबाट विद्यार्थीले अभिभावकलाई साक्षर बनाउने तथा एकले अर्कालाई सिकाउने रणनीति गाउँपालिकाले लिइएको छ ।

त्यस्तै सिजागाउँपालिका साक्षर पालिका घोषणा कार्यक्रममा प्रधानाध्यापक मध्येबाट मालिका मावि धाँपाका प्रधानाध्यापक प्रयाकराज खत्री, सेवा निवृत्त निवर्तमान मावि जोडुका प्रधानाध्यापक नर बहादुर बुढा, शिक्षकहरु मध्येबाट भैरव मावि नराकोटका शिवानन्द शर्मा, केदारनाथ आधारभूत विद्यालय बारेका प्रधानाध्यापक नन्दराम बुढा, शान्तिजन आधारभूत विद्यालयका मानबहादुर बुढा, फुटासिली आधार भूत विद्यालयका अंग्रेजी शिक्षक दिपक बुढा पुरस्कृत तथा सम्मान समेत गरेको थियो । त्यस्तै २०८० को पालिका स्तरीय परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने मालिका माविका धाँपाका रमित आचार्य, मालिका माविक धाँपाकै रामरती धिताल र मालिका मावि धाँपाकै बसन्ती शर्मालाई पुरस्कृत गरेको शिक्षा शाखाका प्रमुख धितालले बताए । उनका अनुसार कार्यालय सहयोगीतर्फबाट राम्रो काम गरेको भन्दै कालिका आधारभूत विद्यालयका विष्टबाडाका देवीराज सिम्खाडेलाई सम्मान गरिएको छ ।

त्यस्तै चन्दननाथ नगरपालिका भरीको रहेको ९८.१९ प्रतिशत नागरिक साक्षर भएसँगै नगरपालिकालाई साक्षर घोषणा गरिएको शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख खडानन्द चौलागाईंले बताए ।

त्यस्तै नगरपालिकालाई कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले औपचारिक रुपमा नगरलाई साक्षर घोषणा गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि मन्त्री भण्डारीले नेपाल सरकारले निर्धारण गरेका १२ वटा सूचकमध्ये ६ वटा सूचक नगरपालिकाले पूरा गरेपछि औपचारिक रूपमा घोषणा गरिएको उनको भनाइ छ ।

त्यस्तै चन्दननाथ नगरपालिकाले साक्षर नगर घोषणा कार्यक्रममा रत्नचुण्डेश्वर मावि बोहोरागाउँका अध्यक्ष नविन न्यौपाने उत्कृष्ट अध्यक्षमा सम्मान गरेको छ । यस्तै उत्कृष्ट शिक्षकमा कर्णाली मा.वि. अनामनगरका प्रधानाध्यापक मिनराज शर्मा, चन्दननाथ नमूना मा.वि.का शिक्षक समृता बुढा, कर्णाली मा.वि.अनामनगरका शिक्षक दुर्गा बस्नेत सम्मानित भएका छन् । यसैगरी, सर्वउत्कृष्ट प्रधानाध्यापकमा मालिका आधार भूत विद्यालयका प्रधानाध्यापक हेमन्त वहादुर महत सम्मान गरेको छ । त्यस्तै उत्कृष्ट विद्यालय सहयोगीको रुपमा काम गरेको भन्दै भगवती आधारभूत विद्यालय जातिभिडका रतन थापालाई सम्मान गरेको थियो । २०८० को एसईईमा उत्कृष्ट नम्बर ल्याउने, चन्दननाथ नमूना मा.वि.का लक्ष्मी बुढथापा,रत्नचुण्डेश्वर मा.वि.का सिर्जना गिरी र जनता नमूना मा.वि.का विधान महत पुरस्कृत भएका छन् ।

यस्तै २०८० मा नगरस्तरीय परीक्षामा उत्कृष्ट नम्बर ल्याउने जनता नमूना मा.वि.का क्रिस्टिना खत्री, जनता नमूना मा.वि.कै अक्सफोर्ड आचार्य र जनता नमूना मा.वि.कै प्रशंसा श्रेष्ठ पुरस्कृत भएका छन् ।

# देउरी स्वास्थ्य चौकी त्रियुगा नगर अस्पतालको स्तरोन्नति



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ३ भदौ

त्रियुगा नगरपालिका -५ देउरीमा रहेको देउरी स्वास्थ्य चौकी त्रियुगा नगर अस्पतालको स्तरोन्नति गरिएको छ । सरकारको नीति तथा कार्यक्रम अनुसार देउरी वडा कार्यालय, आम नागरिक, राजनीतिक दल तथा त्रियुगा नगरपालिकाको पहल कदमी सहकार्य सहयोगमा देउरी स्वास्थ्य चौकीलाई त्रियुगा नगर अस्पतालमा स्तरोन्नति गरिएको हो ।

उद्घाटन कार्यक्रममा त्रियुगा नगरपालिकाको मेयर बसन्त कुमार बस्नेतले यो नगर अस्पताल त्रियुगा नगरपालिका वासीको लागि गौरवको रुपमा रहेको बताए । उनले यस अस्पताल जिल्ला अस्पतालको सहयोगी तथा बाह्य जिल्ला सिरहा,सप्तरीको लागि पनि महत्वपूर्ण थलो बन्न सक्ने बताए । मेयर बस्नेतले नगर अस्पताल नगरवासीको लागि सञ्चालन गरिएको हुँदा नगरले नै सञ्चालन गर्ने बताए ।

बस्नेतले अस्पताल सञ्चालनमा स्रोत साधन,दक्ष जनशक्ति, भौतिक पूर्वाधारमा कमी हुन नदिने बताए ।

देउरी स्वास्थ्य चौकी परिसरभित्र त्रियुगा नगर अस्पताल स्तरोन्नति हुनुभन्दा अगाडि स्वास्थ्य चौकी चार वटा पुरानो भवनमा सञ्चालनमा रहेको थियो ।

स्वास्थ्य चौकी नगर अस्पतालमा स्तरोन्नति भएपछि अनुमानित ९ लाख ५० हजारमा निर्मित भवनमा ५ शय्याको आकस्मिक कक्ष सञ्चालनमा ल्याइएको छ, भने हाल ३ जना मेडिकल अफिसर कार्यरत रहेका छन् । अस्पतालले आँखा जाँच शिविर, प्रयोगशाला, आकस्मिक लगायत सेवाहरु सञ्चालन गर्नुका साथै एक भवन निर्माणको डीपीआर प्रक्रिया अगाडि बढिरहेको त्रियुगा नगरपालिका ५ को वडाध्यक्ष उद्धव थापाले बताए ।

बिहीबार संविधान दिवसको अवसर पारेर अस्पताल परिसरको आकस्मिक भवनभित्र त्रियुगा नगरपालिकाको स्वास्थ्य शाखाको आयोजना रेडक्रस सोसाइटी उदयपुरको सहयोगमा रक्तदान गरिएको थियो । रक्तदान कार्यक्रममा १६ जना सहभागीहरुले रक्तदान गरेको आकस्मिक कक्षको प्रमुख सुशान्त चौधरीले जानकारी दिए ।

# राजपुरमा भव्य रुपमा मनाइयो संविधान दिवस



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ३ असोज

रौतहट राजपुर नगरपालिकामा भव्य रुपमा संविधान दिवस मनाइएको छ ।

नगर उपप्रमुख जमिला असगरीको विशेष आतिथ्यता तथा वडा नं. १ देखि ९ वडाका वडाध्यक्ष र नगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत मोहम्मद खुर्सिद आलम, कार्यपालिका सदस्य, वडा सदस्य, जिल्ला समन्वय समितिका सदस्य, स्वास्थ्यकर्मी लगायतको उपस्थितिमा दिवस मनाइएको हो ।

कार्यक्रममा नगर उपप्रमुख असगरीले मन्तव्य राख्दै नगरवासी तथा सम्पूर्ण देशवासीमा संविधान दिवसको शुभकामना व्यक्त गरेकी थिइन् । सो अवसरमा शहीदहरुप्रति उच्च सम्मानसहित फूलमाला अर्पण गरिएको थियो ।

**Vacancy Announcement**

A leading foreign recruitment agency is seeking the following position urgently.

DOCUMENTATION OFFICER - 2(M/F)
PUBLIC REPRESENTATIVE OFFICER (PRO) - 2(M/F)
Preferable with job experience in related field of manpower.

SALARY - NEGOTIABLE

INTERNATIONAL JOB LINK PVT. LTD.
Govt. Lic. No.: 700/063/064
Bhimsengola-9, sinamangal, KTM
01- 4584541/ 9851062490/9860770837

**शिलबन्दी दरभाउपत्र पेश गर्ने बारे सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०३)

उपरोक्त विषयमा यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, डडेल्धुराको चालु आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रमहरु विभिन्न कृषक समूह, फर्म, सहकारी मार्फत सञ्चालन गर्नुपर्ने भएकोले अनुदान रकमको लागत तयार गर्न र भुक्तानी प्रयोजनका लागि कृषियन्त्रको स्पेसिफिकेसन सहित दरभाउ आवश्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबै आपूर्तिकर्ताहरूका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीका लागि यस कार्यालयको टेलिफोन नं ०९६-४१००९२ मा सम्पर्क गर्नहुन वा वेबसाइट https//piudadeldhura.pmamp.gov.np/ वा फेशबुक पेजः परियोजना कार्यान्वयन इकाइ डडेल्धुरा बाट जानकारी लिन हुन अनुरोध छ ।

मध्यान्ह
www.madhyanhadaily.com

४ असोज २०८१, शुक्रबार
20 September 2024, Friday

## सम्पादकीय

# बढाउनुपर्ने संविधानको स्वीकारोक्ति

संविधान सभाबाट संविधान जारी भएको दशक पुरा भएको अवसरमा बिहीबार सरकारी आयोजनामै संविधान दिवस मनाइएको छ । सरकारी अधिकारीहरूले प्रभातफेरी गर्ने, सभा, अन्तरक्रिया, चियापान जस्ता गतिविधि गरी संविधान उत्सव मनाइयो । साँझ राष्ट्रपति रामचन्द्र पौडेलले रात्रिभोजको आयोजना गरेका थिए । शितल निवासमा आयोजित रात्रिभोजमा प्रधानमन्त्री केपी शर्मा ओली सहित पूर्वप्रधानमन्त्रीहरू, शीर्ष नेताहरू र कुटनैतिक नियोगका अधिकारीहरू सहभागी थिए । राज्य सञ्चालकहरूको सबैभन्दा उपल्लो तहका मानिसहरू बोलाएर राष्ट्रपति पौडेलले रात्रिभोज एवं सांस्कृतिक उत्सव अवलोकनको व्यवस्था मिलाएका थिए । राष्ट्रपतिको रात्रिभोज र प्रधानमन्त्रीको संविधान उत्सवलाई प्रदेश, जिल्ला हुँदै पालिका तहमा समेत मनाइयो । तर यी सबै सभाहरूमा राज्य सञ्चालकहरूको तहगत सहभागिता थियो ।

संविधान उत्सवका अवसरमा संविधानको सौन्दर्यमाथि चर्चा गरिनु स्वभाविक हो । प्रधानमन्त्री, मन्त्री र मन्त्रालयका सचिव सहितका सरकारी अधिकारीहरूले नेपालको संविधानलाई संसारकै उत्कृष्ट भएको दाबी अघिल्लो वर्षझैं यसपटक पनि गरियो । पक्कै पनि जनताका प्रतिनिधिहरू सहभागी संविधान सभाबाट ३ असोज २०७२ मा संविधान जारी हुनुले यसको स्वीकारोक्ति विगतका संविधानहरू भन्दा ब्यापक छन् । तर सँगै सम्पूर्ण नागरिकको स्वीरोक्ति नरहेको पनि सत्य हो । सीमान्तकृत, बहिष्कृत र पीछडिएका वर्गले यो संविधानमा आफ्नो अधिकार अझ फराकिलो बनाउन चाहन्छन् । यस बिपरीत सयौं वर्षदेखि खाइपाइ आएका वर्गले आफ्नो अधिकार खोसिएको गुनासो संविधानसँगै गरिरहेका छन् । त्यसैले संविधान उत्कृष्ट रहेको दाबीसँगै असन्तुष्ट स्वरहरूको सुनुवाइ पनि उत्तिकै महत्वपूर्ण रहेको छ ।

अझ यसपटकको सन्दर्भ बिगत भन्दा फरक देखियो । सत्ता साझेदार शक्तिहरू नेपाली कांग्रेस र नेकपा एमालेबाटै संविधान संशोधनबारे बहस भयो । बुधबार मात्र संविधान संशोधनको एजेण्डालाई सरकारको प्राथमिकतामा राखेर न्यूनतम साझा कार्यक्रम तयार भयो । तर संविधान संशोधनको औचित्यबारे भने सत्तारूढ नेताहरूले राजनीतिक स्थायित्व भनेका छन् । अहिलेकै निर्वाचन प्रणालीबाट कुनैपनि दलले बहुमत ल्याउन नसक्ने अवस्था भएकाले संविधान संशोधन गर्ने उनीहरूको तयारी छ । जबकी संविधान संशोधन गर्दा भुइँ मानिसहरूको कुरालाई प्राथमिकतामा राखिनुपर्ने हो । संविधान दिवसको सरकारी उत्सवमा सहभागी हुन नसक्नेहरूको स्वीकारोक्ति बढाउँदा नै नागरिकमा रहेको निराशा चिर्न सकिन्छ । तर नागरिक निराशा बढिरहेको निष्कर्षमा रहेका दलहरूले आफ्नो सत्ता स्वार्थलाई आधार मानेर संविधान चलाउने तयारी गरिरहेका छन्, त्यस्तो कदमले संविधानको स्वीरोक्ति बढाउने नभएर निराशा नै बढाउँछ ।

# संविधानको पूर्ण कार्यान्वयनको सवाल


*एकात्मक शासन व्यवस्थाबाट नेपाली जनताका अपेक्षा पुरा भएनन् भन्ने निष्कर्षका आधारमा नै संघीय संरचना अवलम्बन गरिएको कुरामा विवाद छैन । यद्यपि, संविधान पूर्ण कार्यान्वयन हुन नसक्दाको परिणाम अझैसम्म पनि निराशा हल भएन ।*

**अग्रलेख**



● खिमलाल देवकोटा

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले तीन तहको संरचना कायम गरेको छ । एकात्मक शासन व्यवस्थाबाट नेपाली जनताका अपेक्षा पूरा भएनन् भन्ने निष्कर्षका आधारमा संघीय संरचना अवलम्बन गरिएको कुरामा विवाद छैन । संघ प्रदेश र स्थानीय गरी तीन तहका संरचनाका बिचमा संविधानले नै अधिकारको बाँडफाँट गरेको अवस्था छ । तीनै तहका बिचमा समन्वय र अन्तरसम्बन्धका बारेमा पनि संविधान र कानुनी बन्दोबस्त गरिएको छ । यतिका बन्दोबस्तका बाबजुद पनि पर्याप्त समन्वय र अन्तरसम्बन्धका बारेमा प्रश्नहरू उठेका छन् । ती प्रश्नहरूलाई विद्यमान संरचना र तिनको क्रियाशीलताले समाधान गर्न सम्भव छ भन्ने सकारात्मक सोचका साथ यो छलफल पत्र तयार गरिएको छ । यस लेखमा संवैधानिक व्यवस्था, संविधानका आधारमा वनेका कानुनी व्यवस्था र तिनले सिर्जना गरेका विभिन्न संयन्त्रहरू र तिनको प्रभावकारी कार्यान्वयनका बारेमा चर्चा गरिएको छ ।




तीन तहको अन्तरसम्बन्धका बारेमा संवैधानिक व्यवस्थाको जानकारीका लागि संविधानको भाग ५ र भाग २० सम्बन्धित छन् । संविधानको भाग ५ मा राज्यको संरचना र राज्य शक्तिको स्रोतका बारेमा स्पष्ट गरिएको छ । संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुनेछ । तीनै तहले राज्य शक्तिको प्रयोग यो संविधान र कानुन बमोजिम गर्नेछन् भन्दै राज्य शक्ति भन्नाले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी अधिकार सम्झनुपर्छ । यो शब्दले अवशिष्ट अधिकार समेतलाई जनाउनेछ भन्ने संविधानको धारा ३०६ ले स्पष्ट गरेको छ ।

संविधानको धारा ५७ मा राज्य शक्तिको बाँडफाँटको व्यवस्था गरिएको छ । यसअनुसार अनुसूची ५ संघ, छ प्रदेशको एकल अधिकारको व्यवस्था छ भने अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको व्यवस्था गरिएको छ । यसैगरी अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको व्यवस्था छ भने अनुसूची ९ मा तिनै तहको साझा अधिकार भनी बाँडफाँट गरिएको छ । एकल र साझा अधिकारको सूचीको विस्तृतीकरण मन्त्रिपरिषद्ले गरेर अझै स्पष्ट पार्ने कोसिस समेत गरेको छ । विगत वर्षका अनुभवका आधारमा यसलाई अझ प्रष्ट गर्न कार्य विस्तृतीकरणको पुनरावलोकन समेत गरेको अवस्था छ ।

संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धका बारेमा संविधानको भाग २० ले सुस्पष्ट व्यवस्था गरेको छ । यस भागअन्तर्गत धारा २३१ देखि २३७ सम्म विभिन्न व्यवस्थाहरू गरिएको छ । यसमध्ये धारा २३१ व्यवस्थापकीय अन्तरसम्बन्धका बारेमा व्यवस्था गर्दै प्रदेशहरूले एकै प्रकृतिका विषयमा कानुन निर्माण गर्नुपर्दा नेपाल सरकार समक्ष अनुरोध गर्न सक्ने व्यवस्था छ भने धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहको बिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनिएको छ । यसैगरी संघीय सरकारले सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनताका विषयमा आवश्यक निर्देशन दिन सक्ने र सो निर्देशन पालना गर्न पर्ने व्यवस्थाका अतिरिक्त यिनै आधारमा प्रदेश सरकारलाई सचेत गराउने, निलम्बन गर्ने वा विघटन गर्ने समेतको अधिकारका बारेमा व्यवस्था गरिएको छ । यसैगरी स्थानीय तहलाई पनि निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ ।

धारा २३३ मा प्रदेश प्रदेशका बिचको सम्बन्धको व्यवस्था गरिएको छ । यसमा एक प्रदेशले अर्को प्रदेशको कानुनी, न्यायिक वा प्रशासनिक निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग र समन्वय, परामर्श र सूचना आदानप्रदानका बारेमा उल्लेख छ । यसका साथै सबैलाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनुपर्ने कुरा पनि व्यवस्था गरिएको छ ।

धारा २३४ अन्तर प्रदेश परिषद्का बारेमा व्यवस्था छ । राजनीतिक विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा संघका गृह र अर्थमन्त्रीका साथै प्रदेशका मुख्यमन्त्री समेत रहेको संरचनाको परिकल्पना

*संवैधानिक व्यवस्था, कानुनी बन्दोबस्त र सोबमोजिम गठित संयन्त्रहरूको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो । संघ, प्रदेश र स्थानीय तहका बिचमा अन्तरसम्बन्ध र समन्वयलाई कामयाबी बनाउन संविधान र कानुनबमोजिम गठित निकाय र तिनका पदाधिकारीहरूमा इमानका साथ काम गर्ने परम्पराको थालनी गर्न सके संविधान कार्यान्वयनमा फड्को मार्न सकिन्छ ।*

गरिएको छ । धारा २३५ मा संघ, प्रदेश र स्थानीय तह बिचको समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानुन बनाउनेछ भन्ने व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध तथा समन्वय) ऐन २०७७ पारित भई कार्यान्वयनमा छ । यसैगरी २३४(२) मा प्रदेश र स्थानीय तहका बिचमा समन्वय र राजनीतिक विवाद समाधान गर्ने जिम्मेवारी भने प्रदेशसभालाई नै सुम्पिएको छ ।

धारा २३६ मा अन्तर प्रदेश व्यापारको व्यवस्था गर्दै अन्तर प्रदेश व्यापारमा कुनै बाधा अवरोध गर्न कर वा दस्तुर लगाउन वा भेदभाव गर्न नपाइने व्यवस्था गरिएको छ भने धारा २३७ मा धारा १३७ बमोजिम गठित संवैधानिक इजलासको अधिकार क्षेत्रमा कुनै असर नपर्ने गरी स्पष्ट गर्ने समेत काम गरिएको छ ।

संघ प्रदेश र स्थानीय तह-अन्तरसम्बन्ध तथा समन्वय) ऐन २०७७ ले विभिन्न व्यवस्थाहरू गरेको छ । ऐनको परिच्छेद २ मा अन्तरसम्बन्धका आधार, परिच्छेद ३ मा कानुन तथा नीति बनाउँदा विचार गर्न पर्ने कुरा, परिच्छेद ५ मा एकल अधिकार र परिच्छेद ६ मा साझा अधिकारको कार्यान्वयनका बारेमा उल्लेख गर्दै संघ तथा प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने विषयका बारेमा समेत व्यवस्था गरिएको छ । समन्वय र परामर्श गर्न पर्ने आयोजना कार्यान्वयनका बारेमा आवश्यक पर्ने कुराहरू लगायतका सहयोग र समन्वय गर्न पर्ने बारेमा व्यवस्था गरिएको छ ।

समन्वयका लागि उच्चस्तरीय संयन्त्रका रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा प्रदेश र स्थानीय तहका प्रतिनिधि समेत रहेको राष्ट्रिय समन्वय परिषद्को व्यवस्था गरिएको छ भने सो परिषद् मातहत विशेष समिति र विषयगत समितिहरूको समेत व्यवस्था गरी विषयगत रूपमा समेत समन्वय गर्न सहज होस् भन्ने हेतुले स्थायी प्रकृतिका संयन्त्रको समेत व्यवस्था गरिएको छ । प्रदेश स्तरमा समन्वय गर्न प्रदेश समन्वय परिषद् समेतको व्यवस्था तिनको काम कर्तव्य र अधिकारसहित ऐनले गरेको छ । परिच्छेद ५ मा विवाद समाधानका बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

यसरी संविधानको भाग ५, भाग २० र समन्वयसम्बन्धी कानुन समेतका व्यवस्थाले संघ, प्रदेश र स्थानीय तहका बारेमा समन्वय र अन्तरसम्बन्ध कायम गर्नका लागि आवश्यक विषयहरू, संयन्त्रहरू र समन्वय कायम गर्ने तरिका र माध्यमका बारेमा समेत व्यवस्था गरेको पाइन्छ । यसका अतिरिक्त आर्थिक मामलामा समन्वय गर्नका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३३ मा नेपाल सरकारका अर्थमन्त्रीको अध्यक्षतामा प्रदेशका अर्थमन्त्री र स्थानीय तहका समेत प्रतिनिधि रहने गरी अन्तर सरकारी वित्त परिषद्को व्यवस्था गरेको छ । सो परिषद्को बैठक प्रत्येक वर्षको चैत्र महिनामा कम्तीमा एक पटक र अरू बेला संयोजकले तोकेको स्थान र मितिमा हुने गरी आर्थिक मामलाको समन्वयको बन्दोबस्त गरेको छ ।

समन्वय र अन्तर सम्बन्धका बारेमा संविधान र कानुनहरूमा आवश्यक संयन्त्रहरू विभिन्न प्रकारका रहेका छन् । अन्तर प्रदेश परिषद् (राजनैतिक विवाद समाधान गर्न), संवैधानिक इजलास (कानुनी र संवैधानिक विवाद समाधान गर्न), प्रदेश सभा (स्थानीय तह, प्रदेश र स्थानीय तहका बिचमा समन्वय तथा राजनैतिक विवाद समाधान गर्न), राष्ट्रिय समन्वय परिषद् (संघ प्रदेश र स्थानीय तहका बिचमा अन्तरसम्बन्ध तथा समन्वय कायम गर्न), अन्तर सरकारी वित्त परिषद् (संघ, प्रदेश र स्थानीय तहका बिचमा आर्थिक समन्वय कायम राख्न), विषयगत समिति तथा विशेष समितिहरू (समन्वय र अन्तरसम्बन्ध कायम राख्न आवश्यक पर्ने विषय र विशेष कामका लागि गठित तथा गठन हुने समितिहरू) गठन हुने व्यवस्था छ । सो व्यवस्था बमोजिम प्रायः सबै समितिहरू अस्तित्वमा छन् तर तिनको प्रभावकारी कार्यान्वयन त कता हो कता बैठकसम्म बस्न नसकेको नबसेको वा नबसाएको अवस्था छ ।

उपरोक्त संवैधानिक व्यवस्था, कानुनी बन्दोबस्त र सोबमोजिम गठित संयन्त्रहरूको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो । भइरहेका बन्दोबस्तलाई प्रभावकारी बनाउने र गठित संयन्त्रहरूलाई क्रियाशील बनाउँदै संघ, प्रदेश र स्थानीय तहका बिचमा अन्तरसम्बन्ध र समन्वयलाई कामयाबी बनाउन संविधान कानुन बमोजिम गठित निकाय र तिनका पदाधिकारीहरूमा इमानका साथ काम गर्ने परम्पराको थालनी गर्न सके संविधान कार्यान्वयनमा फड्को मार्न सकिन्छ ।

*(लेखक, संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ता हुन् ।)*

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

संसदीय छानबिन समितिले सहकारी रकम अपचलन सम्बन्धी ल्याएको प्रतिवेदन सरकारले कार्यान्वयनको लागि ठगलाई उन्मुक्ति नदिई कारबाही गरियोस् तर, जनआन्दोलन दबाउने मतियारहरूलाई कारबाहीको लागि ल्याएको रायमाझी आयोगको प्रतिवेदन जस्तै नहराओस् ।



**- सरोज पोखरेल**

बालेनलाई आफ्नो काम गर्न दिऊ । मेयर हुन, मेयर कै काम गर्दै छन् । युएनको महासभामा भाग लिन जान्छु भनेर अड्डी कसेका छैनन् । स्वतन्त्र मेयर हुन, चित्त नबुझेको कुरा आम जनता सरह बोल्न वा लेख्न पाउनु उनको अधिकार हो । तसर्थ, व्यर्थमा जनताको मेयरसँग जोरी खोज्दा बचेखुचेको साख र इज्जत पनि राख होला है बा !



**- सुरेश बादल**

सोच्दै नसोचेको डाइनामिक मान्छे चाहिँ सूर्य थापा रहेछन् । सबै खुसी छन्, सबैले स्विकारेका छन्, कसैको नाइँनास्ती छैन । कति सटिक प्रतिवेदन सजिलै, समयमै बनाएर बुझाए । दोषी, आरोपी, आरोप लगाउने सबैले रुचाउने प्रतिवेदन बनाए, यति बिघ्न सर्वमान्य त नेपालकै संविधान पनि छैन ।



**- मनिषलाल चुके**

अबौं सहकारी रकम ठग्ने नटवरलाललाई पनि ठग्न सक्ने महानटवरलाई निर्दोष हुन सक्दैन । घरजग्गा बेचेर, दुःखले जम्मा गरेको सर्वसाधारणको सहकारीको ६५ करोड फटाफट चेक काटेर खर्च सिर्फ हानटवरलालले मात्र गर्न सक्छ । भौंमान भएर बचे, नत्र अहिले जेलभित्र केरकार भइरहेको हुन्थ्यो । नेपालको कानुन दैवले जानुन् ।

## तपाईंको राशिफल


| | | |
|---|---|---|
| मेष | : | वाणी संयम राख्न जरुरी छ । पुरानो कार्यहरूको रोकावट समाप्त हुनेछ । |
| वृष | : | धेरै भरोसा गर्नु हुँदैन । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । |
| मिथुन | : | आध्यात्मिक रुचिमा वृद्धि हुनेछ । शान्ति बनिरहनेछ । |
| कर्कट | : | उधारो धन दिनु हुँदैन । धैर्य राख्नुहोला । |
| सिंह | : | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ । |
| कन्या | : | खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| तुला | : | सुख सुविधामा वृद्धि हुनेछ । नयाँ सम्पर्क बन्ने योग छ । |
| वृश्चिक | : | प्रसन्नता प्राप्त हुनेछ । यात्रा सफल र सुखद रहनेछ । |
| धनु | : | धैर्य राख्नु पर्छ त्यसपछि सफलता मिल्छ । विरोधी सक्रिय हुनेछन् । |
| मकर | : | विद्यार्थीहरूको लागि शुभ समय छ । प्रशस्त मात्रामा धन कमाउनेछ । |
| कुम्भ | : | व्यापारिक कार्यमा लाभ हुनेछ । सम्मानमा वृद्धि हुनेछ । |
| मीन | : | पारिवारिक विवाद अशान्ति पैदा गर्नेछ । रोकावटपछि प्रगति हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सर्मनाक नेतृत्व र भ्रष्टाचारका मुद्दा

**विचार**



● ईश्वरी पोखरेल

सरकारको नेतृत्व गर्ने अगुवाबाटै राज्य सम्पत्ति लुटपाट र राजनैतिक व्यवस्था प्रणालीको चरम दुरुपयोग हाम्रा मुख्य समस्या हुन् । राज्यको दोहन गरी अकुत चल अचल सम्पत्ति जोड्न, राजनीति र प्रशासनका महत्वपूर्ण पदलाई विगतदेखि अहिलेसम्म बिकाऊ बजारमा राख्ने कार्य गरियो । राजनीति होस् वा प्रशासन सबैतर्फ शीर्षस्थ अगुवाहरूबाट आफू खुसी निरंकुश शैलीमा २०४७ सालपछि प्रजातान्त्रिक व्यवस्थाको नाममा शासन चलाउने तहमा भ्रष्ट चरित्रका नेताहरूकै बोलवाला रह्यो । तिनै शीर्षस्थ नेताहरूको समर्थनमा बुख्याचाहरूको भूमिकामा रही ताली पिट्ने पार्टीका कार्यकर्ता, ट्रेड युनियन निजामती वा सरकारी कर्मचारीको चरम कुशासन र पक्षपाती वितण्डाको भुक्तभोगी स्वयम् पंक्तिकार पनि दर्जनौं पटक हुन पुग्यो । नेपाली वर्गको साझा विशेषता रह्यो, आफूभन्दा उपल्लो नेतृत्व समक्ष पद प्राप्तिका लागि जे पनि अर्पण गर्न पछि नपर्ने । फलतः यहाँ राज्य प्रणालीमा सुशासन र सदाचारको चाहना, आमूल रूपान्तरणको कल्पना गर्नु महामूर्खता हुन्छ भन्ने निचोड निकालेर आ-आफ्नो वैयक्तिक जीवन सुखी र खुसी बनाउनु बुद्धिमानी ठान्ने वर्गको उदय हुन थाल्यो ।

देशलाई हरि कङ्गालमा पुऱ्याउने पदीय जिम्मेवारी जबाफदेहिता साथ पूरा नगर्ने र यो देशमा केही हुन र गर्न सकिँदैन भन्ने नालायक नेतृत्वको बाहुल्यता देशमा स्पष्ट देख्न र भोग्न थालियो । वैयक्तिक स्वार्थपूर्तिमा चरम आनन्द ठानी आफू र आफ्ना सन्तानहरूलाई विदेश पठाउन लालायित हुने यस देशका बौद्धिक, शिक्षित वर्ग र राज्यको हरेक अङ्ग प्रत्यङ्गमा पदाधिकारी भई उचित/अनुचित सेवा सुविधाको अवसर भोगी वर्गको नितान्तः वैयक्तिक निजी स्वार्थ रातदिन डरलाग्दो गरी मौलाएको वर्तमान अवस्था नितान्तः धेरै कहाली लाग्दो बनेको छ ।

यी सबै घटनाक्रमले देश पूर्ण असफल र सार्वभौमिक सत्ता चरम जोखिममा पर्दै गएको पाइन्छ । जनता पुरापुर निराशामा पुगेको र राज्यका सबै अङ्ग/प्रत्यङ्ग, संरचनात्मक व्यवस्था र राजनीतिक तथा जनप्रतिनिधिमूलक निकाय र निर्वाचन प्रणाली समेतका सबै विषय पक्षप्रति नेपाली जनताको उच्च गुनासो र असन्तोष चुलिएको छ भन्ने निचोड निकाल्न विवशतासाथ बाध्य परिएको छ ।

